# पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# मिति २०८१।०३।१० गते नगरसभामा पाटन नगरपालिकाका नगर उपप्रमुख कमल सिंह बोहरा (अपी) ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक आय र व्यय अनुमान सहितको बजेट बक्तव्य

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

सभाध्यक्षज्यू तथा सभाका सदस्य ज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई तेस्रो पटक यस गरिमामय नगरसभामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक आय व्यय सहितको बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।यस नगरपालिकाको अर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु। संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनहरुमा वलिदान गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहान्छु ।साथै घाईते, अपाङ्ग तथा वेपत्ता पारिएकाहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

हामीले विक्रम सम्बत् को सत्तरीको दशकलाई बिदा गरी असीको दशकमा प्रवेश गरेका छौं । यसरी यो बजेट असीको दशकको दोस्रो बजेटको रुपमा रहनेछ । एकातर्फ हामी नगरपालिकाको दोस्रो कार्यकालको दोस्रो बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं भने अर्कोतर्फ हामी आगामी आर्थिक वर्षको लागि बजेटको तयारी गरी आय र व्यय सहितको अनुमान सभामा पेश गर्न लागेका छौं । नगरपालिकाको समग्र क्षेत्रलाई सम्बोधन गरी समृद्ध नगरपालिका निर्माण गर्ने उद्देश्यका साथ प्रत्येक वर्ष असार १० गते भित्र नगरसभामा आय व्ययको विवरण सहितको बजेट पेश गर्नुपर्ने कानूनी व्यवस्था भए बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ को आय व्ययको अनुमान सहितको बजेट यस गरिमामय सभामा पेश गर्न लागेको छु ।

सिंहदरबारको अधिकार गाउँ गाउँमा पुगेको अनुभूति गराउने जिम्मेवारीमा स्थानीय सरकारहरु रहेका छन् । स्थानीय तहले खर्च गर्नुपर्ने क्षेत्र र जिम्मेवारीहरु अधिक रहेको तर संघ र प्रदेशबाट प्राप्त हुने अनुदान न्यून रहेको तथा हाम्रो जस्तो पहाडी नगरपालिकामा राजश्वका स्रोतहरु पनि न्यून रहेको हुँदा राजश्व र खर्च जिम्मेवारीको बीचमा ठूलो खाडल रहेको छ । यति हुँदाहुँदै पनि उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा विनियोजन गरी अत्यधिक प्रतिफल प्राप्त गर्नुपर्ने चुनौती हाम्रो सामु विद्यमान रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात दोस्रो स्थानीय निर्वाचनबाट हामी निर्वाचित भईसकेपछि हरेक आर्थिक वर्षको वार्षिक नीति कार्यक्रम तथा बजेट पेश भई सभाबाट पारित भएको व्यहोरा सवैलाई अवगत नै छ । सीमित श्रोत साधनका वावजुत पनि वढी भन्दा वढी जनताका आवश्यकता सम्वोधन गर्ने प्रयास गरेका छौ । सो सम्बन्धमा हाल सम्मको प्रगति ~~तेस्रो~~ चौथो नगर

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

सभाको अधिवेशनमा समेत प्रस्तुत गरिएको स्मरण गराउन चाहान्छु । चालु आर्थिक वर्ष समाप्त भएपछि वार्षिक प्रगती समिक्षा हुने नै छ ।तथापी चालु आ.व. को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयबाट पाटन नगरपालिकाले हासिल गरेका केही महत्वपूर्ण उपलब्धीलाई म यस गरिमामय सभामा राख्न चाहन्छु ।

- भारतमा जाने कामदारहरुको दुर्घटना बिमा गर्ने कार्यलाई निरन्तरता दिएको छ ।
- शैक्षिक गुणस्तर सुधारका लागि प्रयास गरिएको छ , जसका लागि बिद्यालय समायोजन र दरवन्दी मिलान तथा विषय शिक्षकको व्यवस्था भईरहेको छ । नगर स्तरिय र वडा स्तरिय परिक्षाहरु संचालन गरिएका छन ।
- नमुना बिद्यालय लगायत केही बिद्यालयका बिद्यालय भवन निर्माण भएका छन् भने केही बिद्यालयहरुमा आई.सि.टी. ल्याव र पुस्तकालयको व्यवस्था गरिएको छ ।
- पाटन नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भई सेवा सञ्चालन मा छ ।
- ५ वटा वडा कार्यालयहरुका वडा प्रशासकीय भवन सम्पन्न भई सेवा सञ्चालनमा आएको छ भने बाँकी वडा कार्यालयहरु निर्माणाधीन अवस्थामा रहेका छन् ।
- ६ वटा स्वास्थ्य संस्थाका कार्यालय भवन निर्माणकार्य सम्पन्न भएका छन् भने बाकी निर्माण गर्दै जाने क्रममा यसपाली एउटा स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ ।
- विभिन्न वडा कार्यालय तथा ठुला एवं सडकको पहुँच भन्दा टाढा रहेका वस्तीहरु सम्म सडक विस्तार एवं स्तरोन्नती गर्ने कार्य भएको छ ।
- खुल्ला मंच रंगरोगन तथा सरसफाई कार्य अगाडी बढाईएको छ ।
- पाटन बजारमा समस्याको रुपमा रहेको छाडा चौपाया व्यवस्थापन गरिएको छ ।
- फोहरमैला व्यवस्थापन गर्नका लागि अस्थायी एवं वैकल्पिक स्थलको खोजी गरि व्यवस्थापन गरिएको छ ।
- जातका अधारमा राखिएको अपहेलित २२ वटा बस्थीमा नाम परिवर्तन गरिएको छ ।
- योजनाहरुको गुणस्तरियाता कायम गर्न अनुगमन कार्यलाई प्रभावकारी वनाईएको छ ।
- उपभोक्ताहरुको सुविधालाई मध्यनजर गरि वडा स्तरमै योजना सम्झौता र समितिका पदाधिकारीहरुलाई एक दिने अभिमुखिकरण कार्यक्रम संचालन भएका छन् ।
- न्यायिक समितिलाई बढी जिम्मेवार बनाईएको छ ।समितिमा दर्ता भएका अधिकांश विवादहरुको निरुपण छिटो छरितो रुपमा भएको छ । वडा स्तरमा विवादहरुको समाधान गर्नका लागि एक वडाबाट २ जनाका दरले २० जनालाई मेलमिलापकर्ताको बिज्ञद्धारा तालिम सञ्चालन गरि

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

जिम्मेवारी दिने काम भएको छ । वडा स्तरिय मेलमिलाप केन्द्र निर्माण गरी व्यवस्थित बनाईऐको ।

- महिलाहरुको पहुँच बढाउन उपभोक्ता समितिमा महिला अध्यक्ष हुनुपर्ने नीतिगत निर्णयलाई थप शसत्तिकरण गरिएको छ ।
- सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र जवाफदेही बनाईएको छ । जसले गर्दा सेवाग्राहीहरुको पहुँचमा वृद्धि भएको छ र सहजता महशुस गरेका छन् ।
- कृषिलाई आधुनिकीकरण एवं यान्त्रिकरण तर्फ उन्मुख गरिएको छ ।
- पकेट क्षेत्रका आधारमा आलु खेती, कफी खेती, ओखर खेती र फलफूल खेती विस्तार गरिएको छ ।
- महामारीको रुपमा देखापरेको लम्फी स्कीन र खोरेत जस्ता रोगहरुको रोकथाम तथा उपचारका लागि उपलब्ध जनशक्तिको परिचालन गरी घरदैलो सेवा दिईएको छ ।
- सामाजिक परिचालन, क्षमता विकास एवं सशक्तिकरणका कार्यक्रम सञ्चालन भएका छन् ।
- हिंसा प्रभावित महिलाहरुलाई परामर्श सेवा, उचित संरक्षण एवं व्यवस्थापनका लागि घरमै गई सहजीकरण गरिएको छ ।
- महिला हिंसा,घरेलु हिंसा, भुण्र हंत्या, जातीय विभेद, बालबिबाह, छाउपडी प्रथा, सामाजिक सुरक्षा भत्ताको अवचलन जस्ता हानिकारक प्रचलन बन्द गर्न जनचेतना कार्यक्रम अवलम्वन गरिएको छ ।
- प्रत्येक ३/३ महिनामा गर्भवती महिलाहरुका लागि निशूल्क अल्ट्रासाउन्ड घुम्ती सेवा सञ्चालन भएका छन् ।
- पाटन स्वास्थ्य संस्थाहरुमा डाक्टर सहितको निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।
- दलित समुदायको खानेपानी व्यवस्थित गर्न एक घर एक धारा व्यिस्थत गर्न बजेटको व्यवस्था गरिएको छ ।
- यसै गरि सिंचाई, खानेपानी, झोलुङ्गे पुल, आर.सि.सि. बाटो, घोरेटो बाटो, साना सिंचाई जस्ता योजनाहरुको निर्माण तथा मर्मतका कामहरु भएका छन् ।
- **चालु आव मा सम्पन्न हुन लागेका निर्माण कार्यहरु**
- १) सुरक्षीत आवास गृह निर्माण संतोषजनक ढङ्गले सम्पन्न भई सेवा संचालन हुने क्रममा छ ।
- २) छिमेकी नजिकका विद्यालय मर्ज गरी ६ कोठे भवन निर्माण सहित वडा नं ०१ को वयलचौरा मा ६ देखी १० सम्मको विद्यालय संचालन मा आएको छ ।

नगर प्रमुख

- ३) विगत धैरै वर्ष देखी स्थापना हुन नसकेको अस्थाई प्रहरी चौकी पा.न.पा. ०१ को वयलचौरामा स्थापना गरीएको छ ।
- ४) शिक्षा क्षेत्रमा सुधार गर्न विज्ञ सहितको विभिन्न सरोकार वालाहरुलाई तालिम संचालन गरीएका छन ।
- ५) भारतीय राजदुतावास र पाटन नगरपालीकाको साझेदारीमा भुमेश्वर मा.वि. ठाडको भवन निर्माण कार्य तिव्र गतिमा भइरहेको छ ।
- ६) गौडालीगाड पौडी खिपाली वृहत खा.पा. योजना संतोषजनक ढङ्ग बाट निर्माण भइराखेको छ

सभाध्यक्षज्यू,

अब म गत आर्थिक बर्ष को यथार्थ आय व्यय प्रस्तुत गर्न चाहन्छु । गत आर्थिक बर्ष ०७९।०८० मा जम्मा आय रु ८३८१९२९२८।५५ रु. ८३ करोड ८१ लाख ९२ हजार ९ सय २८ पैसा ५५ मात्र र व्यय तर्फ ७६५८१०९३७।६९ रु. ७६ करोड ५८ लाख १० हजार ९ सय ३७ पैसा ६९ मात्र छ जुन खर्च कुल आयको ९१।३६ प्रतिशत भएकोमा निकासा फिर्ता रकम रु ४६२२२८१९।०३ रु. ४ करोड ६२ लाख २८ हजार ८ सय १९ पैसा ३ मात्र र बैक बचत रु २६१५९१७१।८३ रु. २ करोड ६१ लाख ५९ हजार १ सय ७१ पैसा ८३ मात्र छ ।

यस पछि अब म चालु आर्थिक वर्षमा विनियोजित बजेटको हालसम्मको प्रगति संक्षिप्तमा राख्न चाहन्छु ।

चालु आर्थिक वर्षमा नगरपालिका चालु तर्फ विनियोजित रु.५० करोड १५ लाख ८४ हजार ७ सय पचहत्तर मात्र मध्ये हालसम्म रु. ४६ करोड १७ लाख ८४ हजार १ सय २३ मात्र निकासा प्राप्त भएको छ । जुन रकम कूल विनियोजनको ९२ प्रतिशत हुन आउँछ । निकासा प्राप्त भएको रकमबाट हालसम्म रु. ३२ करोड ८९ लाख ७७ हजार २ सय ०६ खर्च भएको छ । यो खर्च जम्मा निकासा रकमको ७१.२४ प्रतिशत हुन आउँछ ।

त्यस्तै गरी नगरपालिकाको पुँजीगततर्फ कूल विनियोजन १४ करोड ६ लाख ८७ हजार मात्र रहेकोमा हालसम्म ८ करोड २५ लाख ७० हजार मात्र निकासा प्राप्त भएको छ । यो निकासा रकम कूल विनियोजनको ५८.६९ प्रतिशत हुन आउँछ । निकासा प्राप्त भएको रकमबाट हालसम्म रु. ५ करोड ५६ लाख ३९ हजार ८ सय ८२ खर्च भएको छ । यो खर्च जम्मा निकासाको ६७.६८ प्रतिशत

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

हुन आउँछ ।यसरी कूल विनियोजनको तुलनामा नेपाल सरकार र प्रदेश सरकारबाट न्यून रकम निकासा प्राप्त हुनु तथा आन्तरिक आम्दानी कूल अनुमानको करिब ५० प्रतिशतको हाराहारीमा हुनुले नगरपालिकाको कोषमाथि अत्यधिक चाप परेको स्पष्ट अनुमान गर्न सकिन्छ ।

यस परिप्रेक्ष्यमा म पाटन नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को आय व्ययको अनुमान सहितको वार्षिक बजेट यस गरिमामय नगर सभासमक्ष प्रस्तुत गर्न चाहन्छु ।

**आ.ब. २०८१।०८२ को यस पाटन नगरपालिकाको आय/व्ययको अनुमानः**

संघ र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण र नगरपालिकाको आफ्नो कर क्षेत्राधिकारबाट संकलन हुने राजश्व अनुमानका आधारमा वार्षिक आय प्रस्तुत गरेको छु ।

**पाटन नगरपालिकाको आ.ब.२०८१।०८२ को आय व्यय**

| क्र.सं. | | विवरण | रकम |
|---|---|---|---|
| **क) प्राप्त बजेट सिलिंग (आय अनुमान)** | | | |
| १ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | वित्तीय सामनिकरण (केन्द्रीय सरकार अनुदान) | १०५,१००,००० |
| २ | | वित्तीय सामनिकरण (प्रदेश सरकार अनुदान) | ९,५४३,००० |
| ३ | | संघीय बिशेष अनुदान | |
| ४ | | संघीय समपुरक अनुदान | ६,५००,००० |
| ५ | | शसर्त अनुदान चालू | ३३०,६४५,००० |
| ६ | | शसर्त अनुदान पुजिगत | २०,०००,००० |
| ७ | | प्रदेश सर्सत चालु अनुदान | ५५०,००० |
| ८ | | प्रदेश सर्सत पुजिगत अनुदान | ४,१००,००० |
| ९ | | प्रदेश समपुरक अनुदान | १०,०००,००० |
| १० | | प्रदेश बिशेष अनुदान | ७,५००,००० |
| ११ | | सडक बोड तर्फ अनुमानित | ३,५००,००० |
| १२ | **राजश्व** | राजश्व बांडफांड (संघिय) | ११५,६००,००० |
| १३ | | राजश्व बांडफांड (प्रदेश) | ३,१८४,००० |
| १४ | | नगरपालिका को आन्तरिक राजश्व | ६,५००,००० |
| १५ | | नगरपालिका को संचित खातामा मौज्दात | १२,०००,००० |
| | | **जम्मा बजेट सिलिङ्ग (क)** | ६३४,७२२,००० |
| ख) व्यय अनुमान | | | |

| | | | |
|---|---|---|---|
| १ | | सशर्त अनुदान चालू | ३३०,६४५,००० |
| २ | | संघीय बिशेष अनुदान | |
| ३ | | संघीय समपुरक अनुदान | ६,५००,००० |
| ४ | | प्रदेश समपुरक अनुदान | १०,०००,००० |
| ५ | | सशर्त अनुदान पुजीगत | २०,०००,००० |
| ६ | | प्रदेश बिशेष अनुदान | ७,५००,००० |
| ७ | | सशर्त अनुदान चालू प्रदेश | ५५०,००० |
| ८ | | सशर्त अनुदान पुजिगत प्रदेश | ४,१००,००० |
| ९ | | प्रशासनिक खर्च | १०५,१३४,००० |
| १० | | समपुरक कोष (संघीय प्रदेश.र अन्य मेचिंग सडक बोड झो.पु. ) | २७,०००,००० |
| ११ | | गत आ .व. मा दायित्व सरी आएका | २०,०००,००० |
| १२ | | आर्थिक क्षेत्र | ४,५००,००० |
| १३ | | सामाजिक क्षेत्र | १५,०००,००० |
| १४ | | साना पूर्वाधार क्षेत्र | २०,०००,००० |
| १५ | | वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | १,०००,००० |
| १६ | | संस्थागत बिकास सुशासन र सेवा क्षेत्र (परामर्श) | १,७९३,००० |
| १७ | | बाल बिकास सहजकर्ता तथा विद्यालय कर्मचारी नगर स्वयं सेवक शिक्षक | ३७,५००,००० |
| १८ | | नगरस्तिरय योजनाहरु | १०,०००,००० |
| १९ | | भैपरी आउने पुजिगत खर्च | १०,०००,००० |
| २० | | सडक बोर्ड तर्फ | ३,५००,००० |
| | | **जम्मा रकम (ख)** | ६३४,७२२,००० |

सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु,

माथि उल्लेखित विभिन्न शिर्षक अन्तरगत प्राप्त भएको नगरपालिकाको कूल बजेट रु. ६३ करोड ४७ लाख २२ हजार नगरपालिका र वडातर्फका विभिन्न सेवा र कार्यका लागि व्यय हुने अनुमान गरेको छ ।नगरपालिका र वडा कार्यालयतर्फ प्रशासनिक खर्च पुग्ने गरी बजेटको व्यवस्था गरेको छ ।नगरपालिका र वडाबाट सञ्चालन हुने कार्यक्रम र योजनाहरुको आवश्यक बजेटको प्रबन्ध गरेको छ ।नगर स्वयंसेवक शिक्षक अनुदान कार्यक्रम र बालबिकास सहजकर्ता लगायतका विगतका कार्यलाई निरन्तरता दिएको छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

स्वास्थ्य सेवा तर्फका कार्यक्रमहरु सञ्चालन गर्न रकम अभाव नहुने व्यवस्था गरेको छु । शिक्षा तर्फ अत्यावश्यक कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गरेको छु ।युवा तथा खेलकुदको लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

कृषि तथा पशु विकासको लागि सशर्त अनुदान तर्फका कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यान्वयन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।नगरपालिका क्षेत्र भित्र विभिन्न समयमा आउने भैपरी घटनाहरु, विपद् एवं महामारीको व्यवस्थापन गर्नको लागि बजेटको व्यवस्था मिलाएको छु । नगरक्षेत्र छाडा चौपायाको समस्या समाधान गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

संघ प्रदेश र पाटन नगरपालिकाको साझेदारीमा व्यावसायिक कफी खेती गर्ने कृषकहरुका लागि बजेट व्यवस्था मिलाएको छु ।

परम्परागत माहुरी पालक कृषकहरुलाई आधुनिक प्रविधिमैत्री व्यावसाय गर्न संघ प्रदेश पालिका र कृषक साझेदारी पाइलट कार्यक्रम वडा न. १ ५र ६ मा लागु गर्न बजेटको वयवस्था गरेको छ ।

स्थानीय नदी खोलामा पाइने माछाको उत्पादकत्व बढाउन उपयुत्त जातका माछाका भुरा राख्न बजेटको व्यवस्था गरेको छु ।

अँलैची खेती योग्य क्षेत्रको पहिचान गरी कृषक प्रोत्साहन कार्यक्रमका लागि आवश्यक पहल गरिने छ ।

स्वच्छ, सफा र सुन्दर पाटन शहर निर्माण गर्नको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यको लागि बजेटको प्रबन्ध मिलाएको छु ।महिला, दलित, जनजाती, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत पिछडिएका वर्गको उत्थानको लागि लक्षित वर्ग क्षमता विकास कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु । लक्षित वर्ग स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।न्यायिक समितिबाट सम्पादन हुने कार्यमा सहजीकरण गर्नको लागि बजेटको व्यवस्था गरेको छु ।

संघ र प्रदेश सरकारसँग साझेदारीमा सम्पन्न गर्नुपर्ने आयोजनाहरुको लागि समपुरक रकमको व्यवस्था मिलाएको छु ।झोलुङ्गे पूल र सडक बोर्डबाट साझेदारीमा सञ्चालन हुने पूर्वाधार विकासको लागि बजेट विनियोजन गरेको छु ।लैङ्गिक हिंसा प्रतिकार्य परियोजनासँगको साझेदारीलाई निरन्तरता दिँदै बजेटको प्रबन्ध मिलाएको छु ।

नगर प्रमुख

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन र सुशासन प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्षज्यू,

प्रस्तावित बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरी नगरपालिकाको समग्र विकास तथा उन्नती हासिल गर्न तर्फ सबै सरोकारवालाको सक्रियताको अपेक्षा राखेको छु ।यस नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्न सहयोग पुर्याउनु हुने नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु, बिषयगत समितिहरु, राष्ट्रसेवक कर्मचारीहरु, रचनात्मक सल्लाह सुझाव दिनुहुने राजनितिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, निवर्तमान नगरप्रमुख र उपप्रमुख लगायत जनप्रतिनिधी ज्यूहरु, बुद्धिजिवी, पत्रकार तथा अन्य सरोकारवाला सबैलाई बिशेष धन्यवाद दिन चाहन्छु ।साथै सक्रिय सहभागिता र रचनात्मक सुझाव सहित बजेट छलफलमा भाग लिनको लागि नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु ।

अन्त्यमा, पाटन नगरपालिकाको घोषित नीति तथा कार्यक्रमको परिधिभित्र रही आगामी आर्थिक वर्षमा अधिकतम प्रतिफल हासिल हुने गरी बजेट कार्यान्वयन गर्ने व्यहोरा जानकारी गराउँदछु । पाटन नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने चरणमा सहयोग पुर्याउनु हुने नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु सहित सबै कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्य, राष्ट्रसेवक कर्मचारीहरु एवं स्थानीय बुद्धिजीवी, विज्ञ समुदाय, संञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु र देश तथा विदेशमा बसेर भर्चुअल माध्यम बाट सुझाव दिनु हुने आम नगरबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै यस पाटन नगरपालिकाको बजेट कार्यान्वयनको चरणमा समेत सम्बद्ध सबैबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

प्रस्तुतकर्ताः
कमल सिंह बोहरा (अपी)
नगर उपप्रमुख